# विपद् जोखिम न्यूनीकरण नीति, २०७७

पालुङटार  नगरपालिका,

गोरखा

# विषयसूची

१.परिचय .................... 3
२. विपद् जोखिम न्यूनीकरण सम्बन्धि दिर्घकालिन सोच .................... 4
३.समग्र लक्ष्य .................... 4
४.नीतिका उद्वेश्यहरु .................... 4
४.१ विशिष्ट उद्वेश्यहरु .................... 4
५. नीति (उद्धेश्य प्राप्तिका लागि) .................... 5
६. नीति कार्यन्वयन .................... 7
६.१ विधि .................... 7
६.२ समन्वयात्मक कार्यहरु .................... 7
७. नीति पुनरावलोकन .................... 7

## १.परिचय

नेपालमा रहेका ७७ जिल्लाहरुमध्ये गोरखा, गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरु मध्ये ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्व बोकेको जिल्ला हो । भौगोलिक रुपमा मध्यपहाडी क्षेत्रदेखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएको यो जिल्ला जैविक विविधताको धनी र पर्यटकीय दृष्टीले महत्वपूर्ण छ। यो जिल्लाले ३६१० वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । समुद्र सतहबाट २२८ मिटर देखि ८१६३ मिटर उचाईमा अवस्थित तथा २७°१५' देखि २८°१५' अक्षांश र ८४°२७' देखि ८४°५८' देशान्तरमा फैलिएको यस जिल्लामा उष्ण, सम( शितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाईन्छ। यस जिल्लाको पूर्व सीमानामा धादिङ जिल्ला र तिव्वत (चीन)स पश्चिम सीमानामा तनहुँ, लमजुङ, मनाङ जिल्ला र तिव्वत (चीन) उत्तर सीमानामा तिव्वत (चीन) तथा दक्षिण सीमानामा चितवन, तनहुँ र धादिङ जिल्ला पर्दछन्। वि.स. २०६८ (२०११) को जनगणना अनुसार महिला १५००२० र पुरुष १२१०४१ गरी गोरखा जिल्लाको जम्मा जनसंख्या २७१०६१ रहेको छ ।

गोरखा जिल्लाको दक्षिण-पुर्बमा अवस्थित पालुङटार  नगरपालिका १५८.६ बर्ग कि.मी. मा फैलिएको छ । बि.सं. २०७१/०७२ मा तत्कालीन आँपपिपल, च्याङ्ली, गाइखुर र पालुङटार गाँउ बिकास समिति हरुलाइ समायोजन गरि गठन गरिएको यस नगरपालिका पून आ. ब. २०७४/०७५ मा धुवाकोट र खोप्लाङ पनि समायोजन गरि हालको पालुङटार नगरपालिकाको गठन भएको हो । १० वटा वडा मा बिभाजित यस नगरपालिकाको कार्यालय वडा नं ५ ठाँटी पोखरिमा रहेको छ । ९४४५ घरधुरी रहेको यस नगरपालिकाको ३७७४८ जनसंङ्ख्या रहेको छ (१८७०१ महिला, १९०३२ पुरुष ) र औसत प्रतिब्यक्ती जनघनत्व २३७ बर्ग कि.मी. रहेको छ । कूल भुभागको ५३ र ३४ प्रतिशत क्रमशः खेतियोग्य जमिन र बनले ढाकेको छ ।

नेपालको संबिधान, २०७२ ले निर्दिष्ट गरेको प्राबधान, स्थानिय सरकार कार्य संचालन ऐन, २०७४ साथै बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन २०७४ लागू पश्चात पालुङटार नगरपालिकाको बिपद जोखिम न्यूनिकरणका लागि केही प्रयासहरुको सुरुवात गरेको देखिन्छ । कानुनी र नितिगत प्रयास अन्तर्गत यस नगरपालिकाले निम्न लिखित ब्यवस्था गरेको छ ।

- नगर स्तरिय कार्यकारी कार्य बिभाजन नियम २०७४,
- पालुङटार नगरपालिका बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन २०७५,
- आ.ब २०७४/०७५ नगर सभा बाट पारित (शहरी योजना, बाताबरण भू ब्यवस्थापन, बिपद ब्यवस्थापन, खानेपानी र सफाइ, सामाजिक बिकास र परिचालन, कृषि र पशु, सिंचाइ ब्यवस्थापन, शासकिय पद्धतिको सुदिृढिकरण , भू उपयोग) निति,  कार्यक्रम र बजेट ।

विशेषत पालुङटार  नगरपालिका बाढी, पहिरो, चट्याङ, जलवायु जन्य जोखिम, आगलागी जस्ता विपदहरु बाट प्रभावित भएको देखिन्छ । जन धनको क्षतिलाई मूल्याङकन जस्ता गोरखा भूकम्प पछि बाढी र पहिरो नै प्राथमिकतामा पर्दछ । नदिले कटान गरी उत्पादक जग्गाहरु क्षतिभएका प्रमाणहरु पनि यस नगरपालिकामा सर्वत्र देखिन्छन । प्राकृतिक समस्याहरु र चुनौतिका कारण विपद जोखिम सर्वत्र देखिएतापनि न्यूनीकरण गर्न पूर्व तयारिको अभाव नै मुख्यतः समस्याको प्रमुख कारक रहेको देखिन्छ । मुख्य गरेर वि.स. २०७७ सालको पहिरो र वाढिको क्षति र गोरखा महाभुकम्प को क्षतिलाइ नै बिगत २० बर्ष यता भएको मुख्य बिपदको रुपमा लिइन्छ ।

पालुङटार नगरपालिकाको वार्ड स्तरीय कार्यक्रम तथा बजेटलाइ पुनराबलोकन गर्दा आ. ब. २०७६/०७७ देखि नै विपद व्यबस्थापन क्षेत्रमा उल्लेख्य मात्रामा कार्यक्रम र बजेट बिनियोजन गरेको देखिन्छ । उक्त आ. ब. मा मात्र रु १५ लाख विपद् व्यवस्थापन क्षेत्रमा  बिनियोजन भएको छ । यसै गरि २०७७/२०७८ मा कुल १ करोड रकम वातावरण संरक्षण र विपद व्यवस्थापन क्षेत्रमा बिनियोजन गरी विपद् लाई प्राथमिकताको क्षेत्रमा राखेकाले

उक्त प्राथमिकताको आधारमा कार्ययोजना निर्माण गरी कार्यन्वयनमा सहजिकरण गर्न यो नीति सहायक सिद्ध हुनेछ ।

नगरपालिकाको सामाजिक बिकास र शहरी योजना साथै विपद् व्यवस्थापनमा गरेको प्रयास (हरित स्मार्ट शहर बृहत्तर योजना. तथा अन्य निकायहरु द्वारा स्थानिय स्तरमा भएको विपद् व्यवस्थापन सम्वन्धि सामुदायिक स्तरका योजनाहरु) हरुलाई संस्थागत गर्न साथै आवधिक रुपमा विपद् जोखिम न्यूनिकरणका निर्दिष्ट लक्ष्य र उद्देश्य हासिल गर्न बिद्यामान विपद् जोखिम न्यूनिकरण तथा संभावित जोखिमहरुलाइ प्रभावकारी रुपमा रोकथाम गरि उत्थानशिल पालुङ्टारको लागि यो निति वाञ्छनिय छ ।

## २. विपद् जोखिम न्यूनीकरण सम्बन्धि दिर्घकालिन सोच

पालुङटार नगरपालिका भित्र हुन सक्ने जलवायूजन्य, मानविय र प्राकृतिक प्रकोप वाट उत्पन्न हुने विपद् न्यूनिकरण गर्न रणनितिक कार्ययोजना तर्जुमा गरि विपद् जोखिम वाट पर्न सक्ने मानविय, भौतिक र सामाजिक क्षति न्यून गरि समग्र नगरपालिकाको उत्थानशिलता बृद्धि गरि दिगो बिकासमा योगदान पुऱ्याउने ।

## ३.समग्र लक्ष्य

पालुङटार नगरपालिकामा हुन सक्ने सम्भाबित विपद् जोखिमका असर र प्रभाबहरु वाट मानविय क्षतिको संङ्ख्या उल्लेख्य रुपमा कम गर्नु, जिविकोपार्जन सँग प्रत्यक्ष सम्बन्ध राख्ने सामाजिक र भौतिक पूर्वाधारहरुको उचित रुपमा जोखिम कम गरि सामाजिक, मानविय, आर्थिक संरक्षण गर्नु नै यस नीतिको लक्ष रहेको छ ।

## ४.नीतिका उद्वेश्यहरु

प्राकृतिक र गैर प्राकृतिक जोखिमहरुको उल्लेख्य रुपमा न्यूनीकरण गरी जन धन तथा जिविकोपार्जन सँग सम्बन्ध रहेका सामाजिक, आर्थिक र वातावरणीय पूर्वाधारहरुको जोखिम व्यवस्थापन गर्नू हो ।

### ४.१ विशिष्ट उद्वेश्यहरु

- मानविय, जलवायू जन्य साथै अन्य प्राकृतिक विपद् जोखिमको वारेमा जानकारी प्रवाह गरि विपद् जोखिम न्यूनिकरण सम्बन्धि वुझाई साथै व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्ने ।
- समुदाय वडा साथै नगर स्तरिय बिपद जोखिम शासकिय पद्धति लाई समावेशी मूलक साथै सुदिृढिकरण गर्ने ।
- विपद् र जिबिकोपार्जन बिचको नकरात्मक सम्बन्ध र न्यूनिकरण गर्न सार्वजनिक तथा निजि क्षेत्रको लगानी बृद्धि गरि उत्थानशिलता अभिबृद्धि गर्ने ।
- विपद् पूर्वतयारी र प्रतिकार्यलाइ प्रभाबकारी रुपमा कार्यन्वयन गर्न विपद् व्यवस्थापन पूर्व/सुचना प्रणालीको स्थापना, संचालन र समन्वयन लाई सुदिृढिकरण गर्ने

- ❖ विपद् पश्चातको पूनर्लाभ , पूनः स्थापना र पून निर्माणलाई आफु बलियो र अझ राम्रो अवधारणा अनुसार कार्यन्वयन गरी नियमित बिकास प्रकृया सँग आबद्ध गर्ने ।

## ५. नीति (उद्धेश्य प्राप्तिका लागि)

- ❖ विपद् सूचना प्रणालीलाई प्रभावकारी रुपमा स्थापना र संचालन गरी सर्वसाधारणको सहज पहुँचमा अभिवृद्धि गर्ने ।
- ❖ पालुङटार नगरपालिकको जोखिम अध्ययन र विश्लेषण
- ❖ नगरपालिका अर्न्तगत संचालित शैक्षिक संस्था र प्रतिष्ठानहरुमा विपद् जोखिमको विषयलाई अनिवार्य रुपमा शैक्षिक पाठ्यक्रममा समावेश गरि पठन पाठन गर्न आवश्यक श्रोत व्यक्ति वा श्रोत केन्द्रको स्थापना गरी निरन्तरता दिइनेछ ।
- ❖ उच्च जोखिम वा अति संकटासन्न समुदायमा जोखिम विश्लेषण गरी त्यस्ता समुदायको विपद् जोखिम न्यूनिकरणका लागि क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।
- ❖ नगरपालिका अन्तर्गत हुन सक्ने सडक दुर्घटनाका संभावित क्षेत्रहरुको आंकलन गरी सम्बन्धित निकायलाई सूचना प्रदान गरी दुर्घटना न्यूनिकरणको निम्ति कार्य गरिनेछ ।
- ❖ प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ ।
- ❖ विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण चरणहरुमा सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा योजना तर्जुमा र कार्यन्वयन गर्दै समन्वयात्मक “पूर्व तयारी, पूर्नलाभ र अझ राम्रो र बलियो ”अवधारणलाई अवलम्बन गरिनेछ ।
- ❖ विपद् जोखिम विश्लेषण र आंकलन गरी सुचना प्रणालीलाई प्रभावकारी बनाउन शैक्षिक प्रतिष्ठान तथा अनुसन्धान संस्थाहरुसंग समन्वयात्मक कार्य गरिनेछ ।
- ❖ आपतकालिन कार्य संचालन केन्दहरुको स्थापना गरी विपद् सुचना प्रणालीलाई प्रभावकारी बनाउँदै प्रतिकार्यलाई द्रुत तथा सहज बनाइनेछ ।
- ❖ नगरपालिका र वडा स्तरिय विपद व्यवस्थापन समितिहरुलाई संस्थागत गरिनेछ ।
- ❖ समुदायमा आधारित विपद व्यवस्थापन अवधारणालाई प्राथमिकता दिई सहभागितात्मक न्यूनीकरण प्रणालीको स्थापना र संचालन गरिनेछ ।
- ❖ जलवायु अनुकुलन कृषि र जिविकोपार्जन योजनालाई प्राथमिकता दिइनेछ ।
- ❖ भू-उपयोग योजना तर्जुमा र कार्यन्वयन गरिनेछ ।

- ❖ वालमैत्री विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यन्वयन गरिनेछ। विपद जोखिमका सवालहरुलाई अनिवार्य रुपमा समायोजन र कार्यन्वयन गरिनेछ।
- ❖ स्थानिय /समुदाय स्तरमा विभिन्न स्वयंमसेवक समूहहरु स्थापना गरी उनीहरुको क्षमता अभिवृद्धि गरी जोखिम न्यूनीकरणमा यस्ता समूहको निरन्तर र प्रभावकारी सहभागितालाई प्राथमिकता दिइनेछ
- ❖ भवन आचार संहितालाई समयअनुरुप परिमार्जन गर्दै आचार संहिता पूर्ण रुपमा लागु गरिनेछ।
- ❖ स्वास्थ्य ,सरसफाई, खानेपानी , खाद्यान्न सामाग्री तथा अन्य आधारभूत आवश्यकताहरुको पूर्व तयारी गरी विपद पश्चात तत्काल आपूर्ति हुनसक्ने पद्धतिका विकास गरिनेछ।
- ❖ विपद जोखिमबाट बढि प्रभावित समूदाय (अपाङ्ग बाल -बालिका, वृद्ध महिला,सुत्केरी ,गर्भवती) लाई यस्ता समूदाय संवेदनशिल योजना तर्जुमा र कार्यन्वयन गर्दै लगिने छ।
- ❖ नगरपालिका अर्न्तगत विपद व्यवस्थापन शाखा स्थापना गरी सुचना र ज्ञान व्यवस्थापन गर्दै लगिनेछ।
- ❖ विविध जिविकोपार्जनमा समुदायलाई आबद्ध गरी विपद् उत्थानशिल समाजको निर्माण गरिने छ।
- ❖ नगरपालिका अर्न्तगत कार्यरत विषयगत निकायहरुलाई विपद् व्यवथापन कोष स्थापना गर्न साथै आवश्यकता अनुसार विपद् व्यवस्थापनको क्षेत्रमा बजेट विनियोजन गर्न न्यूनतम मापदण्ड तोकिने छ।
- ❖ पूर्व सूचना प्रणालीलाई विस्तार गरी सूचनाको आधारमा विपद् व्यवस्थापन गर्ने प्रणालीको स्थापना गरिने छ।
- ❖ शैक्षिक संस्था हस्पिटल तथा सार्वजनिक संरचनाहरुको सुधार गरी विपद्को समयमा आकस्मिक आवासको रुपमा प्रयोग गरिनेछ।
- ❖ खुल्ला क्षेत्रको पहिचान र आवश्यक पूर्वाधारको व्यवस्था गरी विपद्को समयमा सुरक्षित आश्रय स्थलको रुपमा प्रयोग गरिनेछ।
- ❖ घाइते व्यवस्थापन केन्द्र वा गृहको स्थापना गरिने सर्वमान्य र प्रभाावकारी बनाइनेछ।
- ❖ विपद् व्यवस्थापन शासकीय प्रणालीमा क्रमशः सुधार गरी जवाफदेहिता ,पारर्दशिता र गुणस्तरीय सेवा प्रदायलाई प्रमुख लक्ष्य लिई सोहीअनुसार कार्ययोजना तयार र लागु गरिनेछ।
- ❖ विपद् व्ययस्थापन क्षेत्रमा भइरहेका कार्यक्रमहरुको समयानूसार परिमार्जन र आवश्यकतामा आधारित विपद् जोखिम न्यूनीकरण कार्यलाई प्रोत्साहन गर्न "अनुगमन तथा मुल्याङ्कन" संयत्रको स्थापना र क्षमता अभिवृद्धि गरिने छ।
- ❖ संघिय, प्रादेशिक तथा स्थानिय सरकारका निकायहरुले प्राथमिकता प्रदान गरेका कार्यक्रमहरु लागु गर्न विशेष ध्यान दिइनेछ।

- ❖ प्रचलित कानून बमोजिम विपद् व्यवस्थापन सम्वन्धि अन्य कार्यक्रम गर्दै लगिने छ ।
- ❖ अन्र्तराष्ट्रिय संनधि सम्फौतालाई मनन गरी नेपाल राष्ट्रको जिम्मेवारी रहेका वुदाँहरुलाई कार्यन्वयन गर्ने गरी योजना तर्जुमा र कार्यन्वयन गरी दिगो विकास लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने छ ।

## ६. नीति कार्यन्वयन

### ६.१ विधि

- ❖ नगरपालिकाले यस नीतिको योजनाबद्ध कार्यन्वयनका लागि रणनितिक कार्ययोजनाका तर्जुमा गरी लागु गर्ने छ ।
- ❖ विकासका क्षेत्रगत र विषयगत कार्यक्रम/योजना तर्जुमा गर्दा यो नीतिलाई मार्गदर्शक रुपमा लिई नितिगत व्यवस्थालाई अनुसरण गरिनेछ ।
- ❖ विपद् संग सम्बन्धित प्रचलित कानून र स्थानिय निकाय संचालन गर्न बनेको ऐनको अधिनमा रही संरचनागत सुधार गरिनेछ ।
- ❖ यस नीतिलाई प्रभावकारी ढंगमा कार्यन्वयन गर्न नगरपालिकाले अन्य मार्गनिर्देशन , आकस्मिक योजना तर्जुमा गरी लागु गर्न सक्नेछ ।

### ६.२ समन्वयात्मक कार्यहरु

- ❖ नगरपालिकाले सरोकारवालाहरुको नक्शाङ्कन (Stakeholders mapping) गरी सहकार्य समन्वय रणनीति बनाई विपद् व्यवस्थापनको क्षेत्रमा प्रभावकारी रुपमा कार्यन्वयन गर्नेछ ।
- ❖ पालुङटार नगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिलाई संचालित कार्यक्रमहरुको अनुगमन र मूल्यांकन गर्ने जिम्मेवारी रहनेछ ।
- ❖ यस पालुङटार नगरपालिकाद्धारा संचालित विपद जोखीम न्यूनीकरण कार्यक्रमहरुको वार्षिक वा आवधिक परियोजना प्रतिवेदन प्रकाशन गरिने छ ।

## ७. नीति पुनरावलोकन

आवश्यकता अनुसार यस नीतिलाई परिमार्जन र पुनरावलोकन गरी अद्यावधीक गर्न सकिने छ ।